नेपाल सरकार

# गृह मन्त्रालय

पत्र संख्याः-

प्राप्त पत्र संख्या र मितिः-

च.नं.:-

सिंहदरबार,

काठमाडौं, नेपाल ।

## विज्ञप्ति

केही दिन देखिको लगातार वर्षाको कारण मनसुनको शुरूवातीमै मुलुक बाढी, पहिरो र डुवानको चपेटामा परेको छ । बाढी पहिरोको कारण सिन्धुपाल्चोक, मनाङ, लमजुङ, पाल्पा, स्याङ्जा, बाजुरा, गोरखा, अर्घाखाँची, प्यूठान, कास्की, पर्वत, म्याग्दी, डोटी लगायत देशका विभिन्न जिल्ला प्रभावित भएका छन् भने मनाङ र सिन्धुपाल्चोक जिल्ला बढी प्रभावित भएका छन् । हालसम्म मन्त्रालयमा प्राप्त विवरण अनुसार बाढीको कारण सिन्धुपाल्चोकमा २ जना, कास्की, पाल्पा, बाजुरा र डोटीमा १/१ जना गरी जम्मा ६ जनाको मृत्यु भएको छ भने बाजुरा, गोरखा, प्यूठान, अर्घाखाँचीमा १/१, जाजरकोटमा ७ जना र सिन्धुपाल्चोकमा १७ जना गरी जम्मा २७ जना बेपत्ता भएका छन् । सिन्धुपाल्चोकमा ६ जना र स्याङ्जामा पहिरोमा परी १ जना, डोटी २ जना, र जुम्लामा २ जना समेत जम्मा ११ जना घाइते भएका मध्ये सिन्धुपाल्चोकको बाढीमा परी घाइते भएका ६ जनाको हेलिकप्टरबाट उद्दार गरी ललितपुरको बि एण्ड बि अस्पतालमा उपचार भइरहेको छ । यसैगरी म्याग्दीमा पहिरोमा परी घाइते भएकालाई हेलिकप्टरबाट उद्दार गर्न पहल भइहेको छ । प्राप्त विवरण अनुसार विभिन्न जिल्लामा ८९ घर पूर्ण र २६ घर आशिंक रुपमा क्षति भएको छ । बाढी पहिरोबाट प्राभावित सिन्धुपाल्चोकमा ४६ र दाङमा ४ जनालाई सकुसल उद्दार गरिएको छ । विपद प्रभावित क्षेत्र र व्यक्तिहरुको लागि तत्काल उद्दार राहत लगायतका प्रतिकार्यलाई थप प्रभावकारी बनाउने सन्दर्भमा आजै विहान माननीय गृह मन्त्रीज्यूको अध्यक्षतामा कार्यकारी समितिको बैठक र अपरान्ह ४:०० बजे सम्माननीय प्रधामन्त्रीज्यूको अध्यक्षतामा विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन राष्ट्रिय परिषद्को बैठक बसेको छ ।

बाढी पहिरो र डुवानबाट प्रभावितहरुलाई राहत सामाग्रीहरु पठाउने काम भइरहेको, प्रभावित व्यक्तिहरुलाई सुरक्षित स्थानमा स्थानान्तरण गरी तत्काल अस्थायी व्यवस्थापनका लागि खाद्यान्न लगायतका सहायता सामाग्री उपलब्ध गराईएको, बेपत्ता भएका व्यक्तिहरुको खोज तथा उद्दारको लागि सुरक्षाकर्मी सहितको टोली परिचालन गरी तीब्रताका साथ खोजी कार्य भइरहेको छ । साथै विपद प्रभावित हरुलाई तत्कालै राहत उपलब्ध गराउने कार्यमा स्थानीय प्रशासन, स्थानीय पालिका, रेडक्रस जस्ता संस्थाको सक्रियता बढाइएको छ । तत्काल राहत एवं अन्य व्यवस्थाको लागि स्थानीय तह र अन्य सरोकारवालाहरुसँग समन्वय गरी आवश्यक व्यवस्था मिलाउन सबै सुरक्षा निकाय तथा सम्बन्धित प्रमुख जिल्ला अधिकारीहरुलाई तयारी अवस्थामा रहन निर्देशन दिई सकिएको छ ।

जल तथा मौसम विज्ञान विभागका अनुसार अझै केही दिन मुलुकका अधिकांश भु-भागमा अविरल वर्षाको सम्भावना रहेको जानकारी प्राप्त हुन आएकोले वर्षाको कारण आगामी दिनमा बाढी, पहिरो र डुवान जस्ता विपदका घटना बढ्न सक्ने सम्भावनालाई दृष्टिगत गरी बाढी, पहिरो र डुवानको जोखिम हुने नदी तटिय क्षेत्र, पहिरोको जोखिम भएका पहाडी बस्ती र तराईका डुवान सम्भावित वस्तीमा रहेका वासिन्दाहरुलाई सतर्कता अपनाउन विशेष अनुरोध गर्दै विपदमा परी दुःखद् निधन भएकाहरुप्रति गृह मन्त्रालय हार्दिक श्रद्धाञ्जली अर्पण गर्दै घाइतेहरुको शीघ्र स्वास्थ्य लाभको कामना गर्दछ ।

मितिः २०७८/०३/०२

जनकराज दाहाल

सहसचिव/प्रवक्ता